# मुसीकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## मुसिकोट रुकुम (पश्चिम)
## कर्णाली प्रदेश, नेपाल

visit nepal 2020 Lifetime Experiences

phone: 088530261,9857826333
website:musikotmunrukum.gov.np
email: ito.musikotmun@gmail.com
email: info@musikotmun.gov.np

**आन्तरिक आयतर्फको शिलवन्दी दरभाउपत्र आव्हान सम्वन्धी सूचना (ढुगां, गिट्टी, बालुवा एवंम रोडा बिक्रि र संकलन र कृषि उपज तथा वन पैदावर संकलन तथा निकासि शुल्क)**

**प्रथम पटक प्रकाशित मिति: २०७६।०५।२९**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ घ (४) र (६) मा व्यवस्था भए अनुसार देहाय बमोजिमका आन्तरिक आय संकलनको ( ठेक्का बन्दोवस्त)कार्य स्वीकृत प्रारम्भिक वातावरणीय परिक्षण (IEE) र नगर कार्यपालिकाको निर्णय अनुसार उल्लेखित न्यूनतम् ठेक्का अंकमा नघट्ने गरि आ.व. २०७६।०७७ को जेठ मसान्तसम्म को लागि ठेकका वन्दोवस्त गर्नुपर्ने भएको हुँदा इच्छुक दर्तावाला फर्म (अनिवार्य रुपमा मु.अ.कर र पानमा दर्ता भएका) हरुबाट दरभाउपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ । सूचना प्रकाशित भएको मितिले तोकिएको म्यादभित्र तपशिलमा उल्लेखित अनुसार कानुनि प्रक्रिया पुरा गरेका योग्य फर्महरुले शिलबन्दी दरभाउपत्र खरिद गरी शिलबन्दी दरभाउपत्र यस कार्यालयमा दर्ता गर्नुहुन अनुरोध छ ।

| आय ठेक्का नं. | ठेक्का सम्वन्धी विवरण | संकलन र विक्रि गर्न पाउने अधिकतम परिमाण बार्षिक क्यू फिट | घाटगाद्धि संकलन र विक्री गर्न पाउने सहित प्रति क्यू फिट | संकलन तथा विक्री शुल्क बापत हुने कुल न्यूनतम अंक रु. भ्याट र कर बाहेक | दरभाउ पत्र फारम दस्तुर | धरौटि रकम | दरभाउपत्र खरिद गर्ने अन्तिम मिति |
|---|---|---|---|---|---|---|---|
| ०१।०७६।०७७ | प्रियतरा (दुरे खण्ड) बगर मु.न.पा. १४ प्याकेज नं. १ | | | | | | |
| | | २३९६६४१ | ३ | ७,१८,९९२१ | १००० | कबोल अंकको ५ % | १५ औं दिन कार्यालय समयभित्र |
| ०२।०७६।०७७ | लामिताल बगर मु.न.पा. २ प्याकेज नं. २ | | | | | | |

२०७६।०५।२९
नि. प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | १६७६५०१५६ | ३ | ५,०२,९५१।७ | १००० | कबोल अंकको ५ % | १५ औं दिन कार्यालय समयभित्र |
| ०३।०७६।०७७ | गाराघाट बगर मु.न.पा. १ | | | | प्याकेज नं. ३ | |
| | १३३३५८।४ | ३ | ४,००,०७५।२ | १००० | कबोल अंकको ५ % | १५ औं दिन कार्यालय समयभित्र |
| ०४।०७६।०७७ | भलखोला किनार बगर (क:तल्लो) मु.न.पा. १ | | | | प्याकेज नं. ४ | |
| | १७१४६०।८ | ३ | ५,१४,३८२।४ | १००० | कबोल अंकको ५ % | १५ औं दिन कार्यालय समयभित्र |
| ०५।०७६।०७७ | भलखोला किनार बगर (क:माथिल्लो) मु.न.पा. १ | | | | प्याकेज नं. ५ | |
| | ४०००७५।२ | ३ | १२,००,२२६ | १००० | कबोल अंकको ५ % | १५ औं दिन कार्यालय समयभित्र |
| ०६।०७६।०७७ | कृषि तथा वन पैदावरको निकासी कर संकलन | | | | प्याकेज नं. ६ | |
| | | | १,,००,००० | १००० | कबोल अंकको ५ % | १५ औं दिन कार्यालय समयभित्र |

१.उल्लेखित प्याकेज नं. १ देखि ६ नं. ठेक्काको दरभाउपत्रहरु फारम खरिदको लागि यस कार्यालयको लागि यस कार्यालयको राजश्व उपशाखाबाट दरभाउपत्र दस्तुर बापत काटिएको नगदि रसिद, आ.व.२०७५।०७६ मा फर्म वा कम्पनि को नवीकरण भएको व्यवसाय दर्ता प्रमाण पत्र, स्थायी लेखा नम्वरको प्रमाण पत्र, कर चुक्ता प्रमाण पत्र र मु.अ.कर दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी सहित १५ औं दिनसम्म कार्यालय समय भित्र अलग अलग दरभाउपत्रहरु खरिद गर्न सकिने छ ।

२. दरभाउपत्रमा आधिकारिक व्यक्तिले सहिछाप गरी अलग अलग प्याकेजको शिलबन्दी सहित दरभाउपत्र भरि तोकिएको समय भित्र पेश गर्नु पर्नेछ ।

३. कार्यालयबाट प्रमाणित नभएको दरभाउपत्र फारमहरुलाई मान्यता दिइने छैन ।

४. खरिद भएका दरभाउपत्रहरु खरिद गर्ने अन्तिम दिनको भोलिपल्ट १६ औं दिनको १२:०० बजे भित्र यस कार्यालयमा दर्ता गरी सक्नु पर्ने छ । दरभाउपत्र खरिद वा दर्ता गर्ने अन्तिम दिन बिदा परेमा सो सम्वन्धी कार्य कार्यालय खुलेको दिनमा गरिने छ । रित पुर्वक पेश भएका दरभाउपत्रहरु दर्ता गर्ने समय सकिए लगत्तै सोहि दिनको २:०० बजे यस कार्यालयका तोकिएका कर्मचारी तथा ठेकेदारहरुको रोहवरमा यस नगरपालिकाको कार्यालयमा खोलिने छ । ठेकेदार वा निजको प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न सकिने छ ।

५. धरौटी बापत कबोल अंकको ५ प्रतिशत रकम यस कार्यालयको नेपाल बैंक लिमिटेड मुसिकोट शाखामा रहेको धरौटी खाता नं. ०७७०३०००००००३००००८(ग ३ धरौटी) मा नगद जम्मा गरेको सक्कल भौचर वा दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिबाट ९० दिन

२०७६।०५।२५

नि. प्रमुख प्रशासकीय अधिकृत

म्याद भएको बैंक जमानत सक्कल प्रति संलग्न गरी पेश गर्नुपर्ने छ । उक्त धरौटी रकमलाई किस्तामा समावेश गर्न पाइने छैन र सो धरौटी रकम प्रचलित ऐन नियम अनुसार फिर्ता गरिने छ ।

६. दरभाउपत्र दाखिला गर्दा फर्म वा कम्पनिको व्यवसाय दर्ता प्रमाण पत्र, स्थायी लेखा नम्वरको प्रमाण पत्र, आ.व. ०७५।०७६ को कर चुक्ता प्रमाण पत्र र मु.अ.कर दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी र खरिद कारवाहीमा भाग लिन योग्य भएको तथा सो सम्वन्धमा कुनै कारवाहीमा नपरेको व्यहोराको स्व घोषणाको पत्रको सक्कल प्रति समेत दरभाउपत्रसाथ पेश गर्नु पर्ने छ ।

७. दरभाउपत्र फारमहरुमा अंक र अक्षर केरमेट नगरी स्पष्टसँग लेख्नु पर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेकोलाई मान्यता दिइने छ । म्याद नाघी वा रित नपुगि प्राप्त भएको दरभाउपत्रउपर कुनै कारवाही गरिने छैन ।

८. दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा निहित रहने छ ।

९. अन्य जानकारीको लागि कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

२०७६।०८।२९

नि. प्रमुख प्रशासकीय अधिकृत